# लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
## राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८२/०८३

चलानी नं.

मितिः २०८३/०१/११

**अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनका लागि साझेदार संस्था छनोटका लागि प्रतिवद्धता पेश गर्ने सम्वन्धी सूचना**

लुम्बिनी प्रदेशमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना सम्बन्धी कार्य गर्न वाञ्छनीय भएकाले लुम्बिनी प्रदेश सरकारले **"अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधी, २०८२"** जारी गरेको छ। कार्यविधिको दफा ८ मा व्यवस्था भए बमोजिम कार्यक्रम सञ्चालन गर्दा साझेदार संस्थाहरू (संयुक्त राष्ट्रसंघका विशिष्टकृत निकाय वा यस्ता निकाय द्वारा स्थापित वा अनुदानमा सन्चालित संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सामाजिक संस्था) समेतको आर्थिक तथा प्राविधिक सहभागिता र सहकार्यको व्यवस्था गरेको हुँदा सहकार्यका लागि इच्छुक संघ-संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना mosdfive@gmail.com मा रितपूर्वक प्रतिवद्धता पत्र पेश गर्नुहुन अनुरोध छ। **प्रतिवद्धता पेश गर्दा निम्न विषयहरू स्पष्ट रूपमा खुलेको हुनुपर्नेछ ।**

- लागत साझेदारी तथा प्राविधिक सहयोग बापत ५० प्रतिशत रकम कम्तिमा आ.व. २०८३/०८४ र २०८४/०८५ का लागि उपलब्ध गराउने प्रतिबद्धता,
- लागत साझेदारी गरिने रकमको स्रोतको सुनिश्चितताको प्रमाण,
- प्रचलित कानुन बमोजिम नेपालमा विधिवत काम गर्ने अनुमति प्राप्त भएको प्रमाण,
- कार्यक्रम सञ्चालनका लागि प्राविधिक सहयोग उपलब्ध गराउन संस्थाको सक्षमताको प्रमाण,
- अपाङ्गता रोकथाम तथा पुनःस्थापनका क्षेत्रमा काम गरेको अनुभवको विवरण।
- अन्य कुराहरू प्रचलित कानुन तथा यस प्रदेश सरकार द्वारा जारी गरिएको "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यबिधी, २०८२" बमोजिम हुनेछ।। उक्त कार्यविधि यस मन्त्रालयको वेबसाइट mosd.lumbini.gov.np मा राखिएको छ।

(सम्झना सुवेदी)
वरिष्ठ महिला विकास अधिकृत